# The Baptist Tabernacle of Los Angeles

1329 South Hope Street, L.A. Civic Center

Mailing Address:
P. O. Box 15308
Los Angeles, CA 90015
Phone: (213) 744-9999
E-mail: rlhymersjr@sbcglobal.net
www.sermonsfortheworld.com
www.baptisttabernacle.com






Dr. R. L. Hymers, Jr.
Senior Pastor

Dr. Christopher L. Cagan
Associate Pastor

Dr. Kreighton L. Chan
Assistant Pastor


दिसम्बर,२०१७

प्रिय मित्र

‘सबै डरहरूको विरुद्ध’ पुस्तक मेरो जीवनको कथा हो, जुन मैले केही दिन अघि मात्र लेखिसकेँ। मेरो पुस्तकको प्रशंसा गर्ने व्यक्तिहरूमध्ये एक जना डा. बब जोनेस तृतीय हुन्, जसले मलाई एक ‘अगमवक्ता’ भन्छन्।डा. बिल मोनरोय, जो बी.बी.एफ.आई.का दुइचोटि अध्यक्ष बनेका थिए, उनले भने, ‘हिमर्स अहिलेका दानिएल हुन्!’ अनि डा. हरबर्ट राउलिङ्स, जो बी.बी.एफ. का पुर्खा डा. जोन राउलिङ्सका पुत्र, साथै राउलिङ्स फाउन्डेसनका प्रमुख पनि हुन्, उनले मलाई फोन गर्दै भने, ‘एक खाँटी अमेरिकी! दर्शनले भरिएको व्यक्ति! तिनको जीवनले भिन्नता ल्याउने एउटा जोश देखाउँछ।’ लुजाना ब्याप्टिस्ट युनिभर्सिटीका अध्यक्ष डा. निल विइभर भन्छन्, ‘यो पुस्तक एक साहसी व्यक्तिको आकर्षक र प्रेरणादायी पुस्तक हो।’इन्डोनेसियामा हाम्रा मिसिनेरी डा. इडी पुरवानटोले भने, ‘म सबैलाई यो पुस्तक पढ्ने सल्लाह दिन्छु। जब कुनै मानिसको साथमा परमेश्वर हुनुहुन्छ, उसलाई जित्न सकिँदैन। डा. हिमर्स धेरै वटा घातक लडाइँहरूबाट बच्नुभएका वीर व्यक्ति हुनुहुन्छ।’

जोन शमूएल केगन हाम्रा सह-पास्टर डा. क्रिस्टिफर एल. केगन र उनकी पत्नी डा. जुडिथ केगनका पुत्र हुन्। जोनले सिकारू सेवकको रूपमा सेवा गर्दैछन्, जसले मेरो सहायकको रूपमा काम गर्छन्। हाम्रो चर्चमा भएको एउटा अति महत्त्वपूर्ण कुरा जोनले सुसमाचार प्रचारका निम्ति आफ्नो जीवन समर्पण गर्नु हो। तिनी अहिले बायोला युनिभर्सिटीमा टालबोट स्कुल अफ थिअलजीका ‘एक’ विद्यार्थी हुन्। यूहन्नाले मेरो जीवन कथाको पुस्तकमा भूमिका लेखेका छन्। तिनले भनेका छन्, ‘डा. हिमर्समा ख्रीष्ट र चर्चका निम्ति एक प्रसिद्ध खेलाडी, समर्पित राजनीतिज्ञ र विजेताहरू जस्तो एकचित्त हुनुहुन्छ।’ ७७ वर्षको उमेरमा पनि केन्सर (केही कम भएको) र औषधी-उपचारको कारण केही कमजोर भएपछि अधिकांश मानिसले अवकाश लिने गर्छन्। तर डा. हिमर्सले हाम्रो चर्च र परमेश्वरका निम्ति लडाइँ लडिरहनुभएको छ। मैले उहाँलाई पुल्पिटमा गएर प्रचार गर्नका निम्ति संघर्ष गरेको देखेको छु। रातमा उहाँ त्यत्ति सुन्नुहुन्न, उहाँका गोडाहरूले उहाँको शरीरको वजन मुश्किलले थाम्छ, उहाँको पेटमा पीडा हुन्छ तापनि ख्रीष्टद्वारा शक्ति पाएर उहाँ पुल्पिटमा दह्रो भई खडा हुनुहुन्छ। अनि उहाँले कस्तो प्रचार गर्नुहुन्छ? एक सिंहले जस्तो। उहाँको सबैभन्दा कमजोर सन्देश पनि तपाईंले सबैतिर सुन्नुहुने सन्देशहरूभन्दा धेरै गतिशील हुन्छ। त्यसैकारण संसारभरका पास्टरहरूले उनीहरूका पुल्पिटबाट उनकै सन्देशहरू प्रचार गर्दछन्। आज डा. हिमर्सका सन्देशहरू हुबहु रूपमा ३६ वटा भाषामा अनुवाद हुन्छन्। परमेश्वरले सारा संसारमा जोरदार प्रभाव पार्नका निम्ति उहाँका सन्देशहरू प्रयोग गरिरहनुभएको छ। विगत वर्ष २१८ देशका १० लाख ५० हजार मानिसले उहाँका सन्देशहरू पढे, उहाँका भिडियोहरू हेरे र www.sermonsfortheworld.com... दिइने प्रवचनहरू पढेर आशिषित भए। डा. हिमर्सका जीवन कथाले तपाईंलाई ख्रीष्टको निम्ति जिउने प्रेरणा दिनेछ- जुन ख्रीष्टलाई उहाँले अति नै प्रेम गर्नुहुन्छ र इमानदारीसाथ उहाँको सेवा गर्नुहुन्छ। मलाई यसो भन्न खुशी लाग्छ कि, डा. हिमर्सले बितेका केही हप्तामा धेरै शक्ति प्राप्त गर्नुभएको छ। म प्रार्थना गर्छु, उहाँको केन्सर बल्झिनेछैन र उहाँ अझै धेरै वर्षसम्म जिउन सकून्।

डा. रोबर्ट एल. समनेर, देशमै चिनिएका सुसमाचार प्रचारक र ‘द बाइबल इभान्जलिस्ट’ पत्रिकाका लामो समसम्मका सम्पादक हुन्, तिनले भनेका छन्, ‘सारा परिस्थिति जटिल हुँदा पनि सत्यका निम्ति खडा हुने व्यक्तिलाई म सम्मान र प्रशंसा गर्दछु। रोबर्ट लेस्ली हिमर्स, जुनियर ख्रीष्टको त्यस्तै ख्रीष्टियन सेवक हुन्’ (***द अनर वज अल माइनःजाइन्टस् अफ फेथ हुस पाथ क्रस्ड माइन,*** २९१५, पृष्ठ १०४,१०५)। तपाईं मेरो जीवन कथाको पुस्तक ***‘सबै डरहरूका***

***विरुद्ध'*** मगाउन सक्नुहुन्छ। सन् २०१८ को बसन्त ऋतुमा  यो पुस्तक प्रकाशित भएपछि तपाईं डा. क्रिस्टिफर एल. केगनलाई (323)735-3320 नम्बरमा फोन गरी यो पुस्तक मगाउन सक्नुहुन्छ।

नोआ सङ हाम्रो चर्चको अर्को जवान केटो हुन्, जो प्रचार गर्नका निम्ति बोलाइएका छन्। तिनले कलेजको आफ्नो डिग्री तहको पढाइ समाप्त गर्न लागेका छन् त्यसपछि बाइबल सेमिनरीमा जानेछन्। नोआले जोन केगनलाई सहायता गर्नेछन्, जोन मपछि हाम्रो चर्चको पास्टर हुनेछन् अनि म अवकाश प्राप्त पास्टर हुनेछु। नोआ र जोन दुवै योग्य प्रचारक हुन्। यो वर्षको सुरुमा नोआ इन्डोनेसिया र चीनमा प्रचार गर्न गए। जोनले डोमेनिक रिपब्लिकमा र भारतका दुइ वटा ठाउँमा सुसमाचारीय क्रूसेडहरू गरे। जोन र नोआ दुवै जना, आउने वर्षको जनवरीको सुरुतिर डा. केगनसँग अफ्रिकाको यात्रामा जानेछन्, जहाँ उनीहरूले युगान्डा, केन्या, रावन्डामा प्राचार गर्नेछन्।

हामीले यो वर्षको सुरुमा मराठी (भारतको अर्को भाषा) र क्रेअली (हाइटीको भाषा) थप्यौं। अहिले शब्द-शब्द गरी अनुवाद गरिएको सन्देशका पाण्डुलिपीहरू हाम्रो वेबसाइटमा ३६ वटा भाषामा उपलब्ध छन्।

मेरी पत्नी एलियाना र मैले विगत सेप्टेम्बरमा हाम्रो ३५औं वर्षगाँठ मनायौं। एलियाना हाम्रो चर्चका जवान महिलाहरूकी अगुवा हुन्। तिनले उनीहरूको देखरेख गर्ने काम खूबै राम्ररी गर्छिन्। एलियाना पर-संस्कृतिमा काम गर्ने मैले अहिलेसम्म चिनेको ख्रीष्टियन सेवक-सेविकामध्ये सबैभन्दा असल छिन्, किनकि उनको साथमा हुन जवान महिलाहरू प्रायः पूर्वीय संसारका छन् अनि एलियाना भने ग्वाटेमालामा जन्मेकी हुन्।

मेरा छोराहरू, रोबर्ट र जोन वेस्ली, दुवैले हाम्रो चर्चमा धेरै सहायता गर्छन्। आउने फरवरीमा मेरो छोरा रोबर्ट र तिनकी पत्नी जिनका निम्ति हाम्री नातिनी सारा जन्मिनेछिन्। तिनीहरूका जेठी छोरी हन्नाह अब करिब दुइ वर्षकी भएकी छिन्। उ हिँडन र बोल्न थालिसकेकी छिन्- जो मलाई जहाँ भेटे पनि म्वाइँ खान चाहन्छिन्। उसले मेरो हृदयलाई प्रसन्न पार्दछिन्।

विगत नोभेम्बरमा मैले १३ जना व्यक्तिलाई बप्तिस्मा दिएँ, तिनीहरूमध्ये तीन जना संसारबाट बचाइएकाहरू थिए- डेनी, कार्लोस, तिमोथी चान, जोसेफ गोंग, जुडी लि, थोमस लोङ, योहना सुकामाचो, मिन भू, टम जिया, जेसिका यिन, अयाको जाबलागा, एलिसिया जाकामिन्टजिन, जेस्सी जाकामिन्टजिन, बायाङ जाङ। तिनीहरूका नाउँ सुनेर नै तपाईं जवार ख्रीष्टियनहरूको विभिन्न झुन्ड हो भनी बताउन सक्नुहुन्छ। लस एन्जलसको केन्द्रमा स्थित हाम्रो चर्चमा २० वटा विभिन्न जातिय समूहका सदस्यहरू भएकोमा हामी गर्व गर्दछौं। नोभेम्बरमा नै हामीले पाँच जना व्यक्तिलाई डिकनको रूपमा अभिषेक गर्‍यौं- एरोन यान्सी, क्यो डोङ लि, ज्याक गान, नोआ सङ र जोन शमूएल केगन। सुरु-सुरुको मण्डलीको उदाहरण पछ्याउँदै जोनलाई पास्टरको रूपमा अभिषेक गर्नुभन्दा अघि डिकनको रूपमा अभिषेक गरियो, तिनले केही वर्षमा सेमिनरीको अध्ययन पूरा गरेपछि तिनलाई हाम्रो चर्चको पास्टरको रूपमा अभिषेक गरिनेछ। जोनले हरेक हप्ता हाम्रो चर्चमा आउन धेरै जना जवानहरूलाई अघिबाटै आतइबारका सेवाहरूमा प्रचार गर्ने गरेका छन्। तिनी सेवकाइमा मेरो 'छोरा हुन्।' हाम्रो वेबसाइटमा तिनका सन्देशको भिडियो हेर्नुहोस्। (www.sermonsfortheworld.com). मैले सकुन्जेल म हरेक आइतबार बेलुकी र हरेक शनिबार बेलुकी प्रचार गरिनै रहनेछु।

आउने वर्ष हामी आफ्नो सेवकाइको ६०औं वर्षगाँठ मनाउनेछौं। मैले ६० वर्षदेखि प्रचार गर्दै आएको कुरामा म विश्वास गर्न सक्दिनँ। अहिले मेरो केन्सरको पीडा केही कम भएको छ। मैले मेरो सेवकाइको ७० वर्षगाँठ मनाउन्जेल यो नबल्झियोस् भनी प्रार्थना गरिदिनुहोला यस अवधिमा म जोन र नोआसँग मिलेर यो हाम्रो सुन्दर चर्चमा प्रचार र पास्टरी कार्य गर्दैरहनेछु। एलियाना सेवकाइमा मेरी साझेदार हो। उसले प्रत्येक दिन मसँग मिलेर काम गर्छिन्, हामी यो महान् र दुष्ट शहर लस एन्जलसका जवान मानिसहरूको आत्मा जित्ने काम गर्दछौं। मेरा सहयोगी डा. क्रिस्टिफर एल. केगनको सहयोगविना यी सबै काम गर्नु सम्भव हुने थिएन। मैले डा. क्रेगटन एल. चान, श्रीमती इम्मा सालाजार र हाम्रा डिकनहरू र अनुवादकहरूलाई पनि मैले धन्यवाद भन्नै पर्छ, जुन व्यक्तिहरूको सहायताविना यो सेवकाइ सम्भव हुनेथिएन।

हामीले जनवरी २९ मा चिनियाँ नयाँ वर्ष मनायौं। नोआ सङले बिहानको सेवामा प्रचार गर्‍यो र डा. क्रिगटन एल. चानले बेलुकीको सेवामा प्रचार गरे। मैले अप्रेलको बिदामा मेरो परिवारलाई पुर्टो भल्लार्टा, मेक्सिकोमा लगें, मेरो छोरा रोबर्ट, जिन र बालिका हन्नाह, मेरो छोरा वेस्ली, एलियानाकी आमा लिन्डा, एलियाना  र म गयौं। त्यो सुन्दर,स्नेहमय र आरामको समय थियो। डा. रोबर्ट एल. समनेर दिसम्बर, २०१६ मा ९४ वर्षको उमेरमा बित्नुभयो, अचम्मको कुरा, उनले आफ्ना सबै पुस्तकहरू बेच्नका निम्ति वेबसाइटमा राखेका थिए। यही एउटा ठाउँमा मात्र डा. समनेरका पुस्तकहरू किन्न सकिन्छ-www.sermonsfortheworld.com। पहिलो पृष्ठमा विज्ञापन हेर्नुहोस्, त्यसको पृष्ठभूमि कालो छ। हामीले अगस्टदेखि

शीत ऋतुसम्म जागृतिमा जोड दियौं। मैले रातका सेवाहरूमा करिब चालीस पटकभन्दा बढी प्रचार गरें र आशा गर्छु, धेरै जनाले प्रभुमा विश्वास गरे, र अरूहरू विश्वासमा जागृत भए। यो परमेश्वर ओर्लेर आउनुभएको र हाम्रो चर्चलाई ताजापनको आशिष् दिनुभएको दोस्रो वर्ष थियो। हामी अर्को वर्ष अझ धेरै जागृति आओस् भनी प्रार्थना गरिरहेका छौं। डा. चानका छोरा तिमोथी डिकनको उम्मेदवार बने अनि ८ अक्टुबरको दिन चाइनिज मिड-अटम उत्सवको आइतबार बिहान एक जोरदार सन्देश प्रचार गरे। मैले अर्को वर्ष, मेरो जीवन कथाको पुस्तक प्रकाशित भइसकेपछि जागृतिको विषयमा एउटा पुस्तक लेख्ने कुरा सोचिरहेको छु। कृपया, त्यो लेखनका निम्ति प्रार्थना गरिदिनुहोला।

भोलि धन्यवाद दिवस हो। मेरी पत्नीले त्यो दिवस मनाउन चालीस जना व्यक्तिलाई हाम्रो घरमा बोलाएकी छिन्। हाम्रो प्रार्थना छ, यो सुन्दर र अर्थपूर्ण ख्रीष्टमसको समयमा ख्रीष्ट तपाईंहरूको घर-परिवारमा उपस्थित रहून्। परमेश्वरले तपाईंहरू सबैलाई आशिष् देऊन्!



हजूरबा हिमर्स र उनकी प्यारी नातिनी हन्नाह!

येशूको नाउँमा तपाईंको



आर.एल. हिमर्स, जुनियर
डी.मिन., टीएच.डी., लिट.डी.
फिलिप्पी ४:१३

*विगत वर्ष १२,००,००० पास्टरहरूले हाम्रो वेबसाइट किन हेरे सो पत्ता लगाउनुहोस्। यसले ३६ वटा भाषामा सयौं सन्देशहरू दुरुस्तै प्रदान गर्दछ साथै भिडियोहरू पनि तीन वटा भाषामा प्रदान गर्दछ। यदि तपाईं पनि मजस्तै एक प्रचारक हुनुहुन्छ भने कहिलेकहीं यी प्रवचनहरू हेर्ने गर्नुहोस्। यो वर्ष (१२,००,००० प्रचारकहरू लगायत) १५,००,००० मानिसहरूले* ***WWW.SERMONSFORTHEWORLD.COM*** *बाट सहायता पाएका छन्।*

*हाम्रो प्रवचनको वेबसाइटले* ***WWW.SERMONSFORTHEWORLD.COM*** *ठेगानामा नेपालीमा दुरुस्तै तयार गरिएका सयौं पाण्डुलिपीहरू साथै अन्य ३५ वटा भाषामा पनि सन्देशहरू उपलब्ध गराउँछ। यसको साथै हाम्रो चर्चको वेबसाइट*

***WWW.BAPTISTTABERNACLE.COM*** *पनि हेर्नुहोस्।*



श्रीमती अरिडोन्डो, वेस्ली, श्रीमती हिमर्स, रोबर्ट लेस्सीले बालिका हन्नाहलाई समात्ने, जिन हिमर्स (रोबर्टकी पत्नी), डा. हिमर्स पुर्टो भाल्लार्टा, मेक्सिकोको होटेलको सभाकक्षमा।




डा. हिमर्स उनको जन्म दिनको केकमा ७६ अंक देखेर अचम्मित हुनुहुँदै।



डा. हिमर्सले सुश्री बियाङ जाङलाई बप्तिस्मा दिँदै।



डा. हिमर्सले बप्तिस्मा लिने प्रत्येक व्यक्तिलाई स्कोफिल्ड बाइबल दिँदै।



हन्नाह हिमर्स ग्वाटेमालाबाट आएका उसका हजूरबा ग्वाटेमालाकी राफेल क्यूलरको साथमा



भर्खरै अभिषेक भएका डिकनहरू (पहिलो पंक्ति) र ग्वाटेमालाकी राफेल क्युलर! भर्खरै बप्तिस्मा लिएका सदस्यहरू(पछिल्लोपंक्ति)।

*हाम्रो प्रवचनको वेबसाइटले* ***WWW.SERMONSFORTHEWORLD.COM*** *ठेगानामा नेपालीमा दुरुस्तै तयार गरिएका सयौं पाण्डुलिपीहरू साथै अन्य ३५ वटा भाषामा पनि सन्देशहरू उपलब्ध गराउँछ। यसको साथै हाम्रो चर्चको वेबसाइट* ***WWW.BAPTISTTABERNACLE.COM*** *पनि हेर्नुहोस्।*




श्रीमती हिमर्सको जन्म दिन। डा. हिमर्सले हन्नाहलाई केकका टुक्रा खुवाउँदै



डा. र श्रीमती हन्ना



डा. हिमर्स जोन शमूएल केगन र तिनीसँग मगनी भएकी जुली सिभिलेको साथमा।



विस्टन सङ, हाम्रा चिनियाँ अनुवादक (बीचमा), उनको साथमा जोन शमूएल केगन (बायाँ) र नोआ सङ (दायाँ)



जोन शमूएल केगनले डोमेनिकन रिपब्लिकमा प्रचार गर्दै, तिनका पिता, डा. केगनले स्पेनिस भाषामा अनुवाद गर्दै



श्री जोन शमूएल केगनले भारतको एउटा क्रूसेडमा प्रचार गर्दै

*हाम्रो प्रवचनको वेबसाइटले* ***WWW.SERMONSFORTHEWORLD.COM*** *ठेगानामा नेपालीमा दुरुस्तै तयार गरिएका सयौं पाण्डुलिपीहरू साथै अन्य ३५ वटा भाषामा पनि सन्देशहरू उपलब्ध गराउँछ।*
*यसको साथै हाम्रो चर्चको वेबसाइट* ***WWW.BAPTISTTABERNACLE.COM*** *पनि हेर्नुहोस्।*